यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ३३ ○श्रेणी 'क' ○२०७३ कार्तिक १२ गते शुक्रबार ○ 28 Oct . 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित
आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

## तिहारका सामाग्रीको मूल्य आकासियो

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ कार्तिक ।

तिहारको भाइटीकामा दिदी-बहिनीले दाजुभाइलाई उपहार स्वरुप दिने विशेष मसला परिकारको निकै खपत हुन्छ । प्रायः सबै भारतबाटै आयात गरिने यस्ता भाइ मसलाको भाउ यस वर्ष बजारमा छोइनसक्नु भएको छ । तिहारमा बढी मसला बिक्री हुने भएकोले कतिपय व्यापारीले मौका यही हो भन्दै आफूखुसी मूल्य बढाएका छन् । पुरानो स्टकमा रहेका अखाद्य र सस्तो प्रकारका मसला समेत नयाँमा मिसाएर बेच्ने गरेको पाइएको छ । तर, मूल्य भने व्यापारीहरुले उच्च दरमा लिने गरेका छन् । भाइ मसलामा प्रयोग हुने नरिवल, छोकडा, काजु, किसमिस लगायत सामग्रीको मूल्य दिनप्रतिदिन बढ्दो छ । मसलाको मूल्य तिहारको समयमा ३० देखि ४० प्रतिशतसम्म बढ्ने व्यापारी आफैं स्वीकार्छन् । तर, सरकारी निकायले भने यो समयमा मसलाको मुल्य र गुणस्तरबारे अनुगमन समेत गरेको छैन ।



अहिले बजारमा भाइ मसलाको 'मिक्स प्याकेट' को मुल्य ३० रुपैयाँदेखि एक हजार रुपैयाँभन्दा बढीमा बिक्री भइरहेका छन् । सरकारले मूल्यवृद्धिलाई निरुत्साहित गर्न नसक्दा उपभोक्ता भने बढी मूल्य तिर्न बाध्य छन् । बजारमा अहिले सुख्खा नरिवलको मूल्य खुद्रामा चार सय ५० रुपैयाँसम्म पर्छ । यसको होलसेल मुल्य तीन सय ५० रुपैयाँभन्दा बढी छ ।

मिश्रीका गुणस्तर अनुसार फरकफरक मूल्य छन् । होलसेलमा किलोको एक सय ३० रुपैयाँभन्दा माथि पर्ने धागो मिश्रीको खुद्रा मुल्य एक सय ५० रुपैयाँभन्दा बढी छ । यस्तै, चक्का मिश्री किलोको दुई सय ५० देखि तीन सय ५० रुपैयाँसम्म पर्छ । सामान्य किसिमको काजु किलोकै १३ सय रुपैयाँभन्दा माथि छ । राम्रो गुणस्तरको काजु किन्न किलोको १६ सय ५० रुपैयाँभन्दा बढी खर्चिनुपर्छ । किसमिसको मुल्य गुणस्तर अनुसार किलोको सात सय रुपैयाँदेखि १४ सय रुपैयाँसम्म पर्छ । यस्तै, होलसेलमा १ हजार ४ सय ५० भन्दा माथि रहेको देशी बदामको मूल्य खुद्रामा किलोको १ हजार ६ सय रुपैयाँसम्म रहेको छ । तिहारमा बढी बिक्ने पेस्ताको मूल्य पनि समान्य भन्दा बढेको छ । पेस्ताको खुद्रा मूल्य प्रतिकिलो हजार सय ५० रुपैयाँभन्दा बढी छ । थोक मूल्यमा किलोको ६ सय रुपैयाँ रहेको ओखर पनि किलोको ६ सय ५० रुपैयाँभन्दा बढी पर्छ ।

## पोखरामा फूलको व्यापार २ करोड !

पोखरा ११ कार्तिक ।

पोखरामा मात्रै तिहारमा दुई करोड रुपैयाँ बढीको फूलको व्यापार हुने अनुमान गरिएको छ । पोखरामा कास्कीको स्थानीय उत्पादन देखि स्याङ्जा, तनहुँ, लमजुङ, पर्वत, बागलुङ, चितवन, धादिङ, काभ्रे र भारतबाट फूल भित्रिने फ्लोरिकल्चर एसोसिएसन नेपाल कास्कीले जनाएको छ । पोखरामा खपत हुने फूल मध्ये ७५ प्रतिशत स्वदेशी र २५ प्रतिशत भारतीय मेरीगोल्ड हुने अनुमान व्यवसायीको छ । तिहारमा सयपत्री, गोदावरी र मखमली फूल मुख्य रुपमा प्रयोगमा आउने गरेको छ । पछिल्लो समयमा प्लास्टिकका कृत्रिम फूलको प्रयोग पनि बढ्न थालेको छ । गत वर्ष ७५ प्रतिशत स्वदेशी र २५ प्रतिशत भारतीय फूल पोखरा भित्रिएको थियो । कृषिप्रधान देशमा खाद्यन्न मात्र होइन, फूलमा समेत करोडौ रुपैयँ बाहिरिने गरेको भन्दै व्यवसायीहरुले सरकारले सहुलियत दरमा बीउ-बीजन र मलको व्यवस्था गर्नुपर्ने माग गर्दै आएको फूल व्यवसायीहरु बताउँछन् ।

## औद्योगिक व्यापार मेलाको तयारी तीव्र

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ कार्तिक ।

पोखरा उद्योग वाणिज्य संघले आउँदो मंसिरको अन्तिम साताबाट सुरु हुने राष्ट्रिय औद्योगिक व्यापार मेलाको तयारी तीव्र पारेको छ । मेला कार्यसम्पादन समितिको विहीबार बसेको बैठकले मेलाको हालसम्म भएको कार्य सम्पादनको समीक्षा गर्दै मेला तयारीलाई व्यवस्थित र तीव्र बनाउने निर्णय गरेको हो ।

संघका तथा मेला कार्य सम्पादन समितिका कार्यवाहक अध्यक्ष रवीन्द्रबहादुर प्रजुको अध्यक्षतामा बसेको बैठकमा मेला सम्पन्न गर्न गठित विभिन्न २८ वटा उपसमितिका संयोजकहरुले आफ्नो उपसमितिले सम्पादन गरेका कामहरुबारे जानकारी दिए । उपसमितिको कार्य प्रगतिबारे जानकारी लिएपछि संघका कार्यवाहक अध्यक्ष प्रजुले तिहार लगत्तै आफ्नो कामलाई अझ तीव्रता दिन उप-समितिका संयोजकहरुलाई आग्रह गरे ।

राष्ट्रिय औद्योगिक व्यापार मेला संघको महत्वपूर्ण पर्व भएको उल्लेख गर्दै उनले मेलालाई पोखराको गौरवको रुपमा विकास गर्नु पर्नेमा जोड दिए। स्थानीय उत्पादनको बजारिकरण र प्रवर्द्धन, नयाँ उत्पादनहरुको जानकारी एवं समग्र पश्चिमाञ्चल एवं नेपालमा भएका उत्पादनहरुको बिक्री बितरण समेत गर्ने उद्देश्यले आयोजना गरिन लागेको मेलालाई भव्य बनाउन कुनै कसर बाँकी नराखिने उनले बताए ।

आउँदो मंसिरको २३ गतेदेखि पुसको ४ गतेसम्म पोखराको नयाँबजारमा रहेको प्रदर्शनी केन्द्रमा राष्ट्रिय औद्योगिक व्यापार मेला, २०७३ को आयोजना हुँदैछ ।

मेला सम्पन्न गर्नका लागि संघका अध्यक्ष विश्वशंकर पालिखेको अध्यक्षतामा मूल समारोह समिति तथा कार्य सम्पादन समिति गठन गरिएको छ ।

## सांस्कृतिक कार्यक्रमको तयारीमा हिमाली परिवार

पोखरा ११ कार्तिक ।

लोक-संस्कृति जगेर्नाका लागि बीस वर्ष अघिदेखि क्रियाशील पोखराको लोक साँस्कृतिक क्षेत्रको धरोहर हिमाली साँस्कृतिक परिवारले काठमाडौं र बुटबलमा साँस्कृतिक कार्यक्रम प्रस्तुत गर्ने भएको छ । हिमाली साँस्कृतिक परिवारको साँस्कृतिक यात्रा अर्न्तगत मंसिर १८ गते शनिवार काठमाण्डौंका पुलिस क्लवमा र मंसिर २६ गते शनिवार बुटवलमा विशेष साँस्कृतिक कार्यक्रम गर्ने निर्णय भएको अध्यक्ष मेनकाजी गुरुङले जानकारी दिए । कार्यक्रमहरुलाई भव्यताका साथ सम्पन्न गर्नका लागि विहीवार सम्पन्न हिमाली साँस्कृतिक परिवारको बैठकले परिवारका संरक्षक नरबहादुर शेरचनको संयोजकत्वमा अध्यक्ष मेनकाजी गुरुङ, बरिष्ठ उपाध्यक्ष ज्ञानबहादुर थापा, सचिव श्रीजंग गुरुङ र सहसचिव भेषराज गुरुङ सदस्य रहेको मुल आयोजक समिति गठन गरिएको छ । यस्तै बरिष्ठ सल्लाहकार बुद्धिप्रसाद गुरुङ गौरीको संयोजकत्वमा सनबहादुर गुरुङ, शेरबहादुर रोक्का, इश्वरी राना र संगीता आले सदस्य रहेको नृत्य तयारी समिति गठन गरिएको छ ।

## लेखनाथ पत्रकार मञ्चमा बराल

पोखरा ११ कार्तिक ।

लेखनाथ पत्रकार मञ्च विहीवार पुनर्गठन गरेको छ । सर्वसम्मत रुपमा चयन भएको तदर्थ समितिको संयोजकमा भीमपाणी बराल सह-संयोजकमा कविराज खनाल, सचिवमा विष्णुहरी पौडेल, सह-सचिवमा स्मीता अधिकारी र कोषाध्यक्षमा सन्दिप पौडेल र समितिको सदस्यमा महेन्द्र ढुङगाना र राजन परियार रहेका छन । भेलाले प्रस्तावित विधानमाथि छलफल गरि मस्यौदा समितिको संयोजकमा कविराज खनाल र सदस्यमा महेश्वर पाण्डे र भरत प्रसाद तिवारीलाई जिम्मा दिईएको छ ।

यसैबीच विहीवार भएको कार्यसमितिको बैठकले पाँच सदस्यीय सल्लाहकार समिति चयन गरेको छ । सल्लाहकार समितिमा नवराज सापकोटा, रामप्रसाद तिमिल्सिना, ऋषिकान्त पौडेल, हरि बाँस्तोला र राजेश कुमार घिमिरे रहेका छन ।

## देउसीभैलो राति १० बजेसम्म

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ कार्तिक ।

कास्कीमा तिहारको अबसरमा राती १० बजेपछि देउसी भैलो खेल्न नपाइने भएको छ । सुरक्षाको कारण देखाउँदै जिल्ला प्रशासन कार्यालयले राति १० बजेपछि देउसी भैलो लगायतका सास्कृतिक कार्यक्रम नगर्न अनुरोध गरेको छ । कार्यालयले विहीवार सूचना प्रकाशित गरी देउसीभैलो लगायतका सांस्कृतिक कार्यक्रमहरु रातको समयमा गर्दा अवाञ्छित गतिविधिमा संलग्न ब्यक्तिहरुले शान्ति सुरक्षामा प्रतिकुल असर पुर्याउन सक्ने भएकाले राति १० बजेसम्म मात्रै देउसी भैलो लगायतका कार्यक्रम गर्न आग्रह गरेको छ ।

साथै दिपावलीको अबसरमा भुइचम्पा, पटका, अतसवाजी लगायतका विष्फोटक पदार्थको प्रयोग नगर्न आग्रह गरिएको छ । विष्फोटक पदार्थको उत्पादन, आयात, निर्यात तथा विक्रीवितरण नगर्न आग्रह गर्दै जिल्ला प्रशासन कार्यालयले निषेधित कार्यमा संलग्न भएको पाइए कारवाही गर्ने समेत चेतावनी दिएको छ ।

## समस्या परेपछि मात्र मिल्छन् ठूला दल

बलराम पाण्डे
काठमाडौं ११ कार्तिक ।

तत्कालिन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएर संसद्वादी दल र भूमिगत रुपमा संघर्षमा रहेको माओवादीमध्ये एकलाई हात लिएर अर्कोलाई सिध्याउने योजना बनाइरहेका बेला संसदवादी दल र माओवादी एकठाउँमा उभिन बाध्य भए ।

दुई फरक धारमा रहेका शक्तिहरुबीच १२ बुँदे सहमति भयो । त्यसैको आधारमा २०६२र ६३ को जनआन्दोलन सफल भयो । त्यसको एकवर्षपछि नै मुलुक गणतन्त्रमा प्रवेश गर्यो ।

दुई वर्षका लागि चुनिएको पहिलो संविधानसभाले आफ्नो कार्यभार पूरा गर्न सकेन । संविधानसभाको म्याद थप गरेर चारवर्ष पुर्याइयो तर पनि संविधानसभाबाट संविधान बनेन । दलहरुबीच ध्रुविकरण बढ्यो । अन्ततः संविधानसभा विघटन भयो । कुनै पनि दलले एक अर्काको नेतृत्व स्वीकार गर्न पनि तयार भएनन् । मुलुक अनिश्चयतर्फ अघि बढ्न थालेपछि प्रधानन्यायाधीशको नेतृत्वमा सरकार बनाउन प्रमुख दलहरु सहमत भएर एक ठाउँमा उभिए ।

दोस्रो संविधानसभाको चुनाव भयो । एकवर्षमा संविधान जारी गर्ने, जारी गर्ने अवस्था नभए प्रक्रियामा गएर भए पनि संविधान जारी गर्ने प्रतिवद्धता गरेका राजनीतिक दलहरुबीच संविधानका अन्तरवस्तुमा विमति देखियो । प्रक्रियामा लैजाने प्रयास गर्दा संविधानसभामा तोडफोड भयो । सभाध्यक्ष, सत्तारुढ दलका नेतामाथि नै कुर्सी र माइकले हानियो । त्यसपछि संविधानसभाबाट नेपालमा संविधान जारी हुँदैन भनेर अड्कलबाजी लगाउनेहरुलाई थप बल पुग्यो । २०७२ वैशाख १५ गते नेपालमा ठूलो भूकम्प गयो । भूकम्पले सबैतिर भत्काए पनि प्रमुख दललाई जोडिदियो । संविधानका अन्तरवस्तुमा सबै दल



आ-आफ्नो अडानबाट पछि हट्दै सम्झौताको अवस्थामा पुगे । नेपालमा संविधान जारी भयो ।

जारी भएको संविधान कार्यान्वयन र सरकारको नेतृत्वका विषयमा प्रमुख दलहरुबीच फेरि मतभेद देखियो । संविधान कार्यान्वयन नहुने, मुलुकमा २०७४ माघ ७ अघि हुनुपर्ने निर्वाचन पनि नहुने अवस्थातर्फ मुलुकको राजनीति अघि बढेका बेला अख्तियार प्रमुख लोकमान सिंह कार्कीको एजेण्डाले फेरि सबै दललाई एकठाउँमा उभ्याइदिए ।

कार्कीलाई महाभियोग लगाउन एकठाउँ उभिन बाध्य भएका राजनीतिक दलका शीर्ष नेताहरु संविधान कार्यान्वयन, संविधान संशोधन, स्थानीय, प्रदेश र केन्द्रको निर्वाचनका लागि पनि तयार भए ।

एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भएपछि मुलुकमा देखिएको राजनीतिक गतिरोधका बारेमा पहिलोपटक तीन दलका शीर्ष नेताको बैठक बस्यो ।

हुन त यसबारेमा नेपाली कांग्रेसका युवा नेता तथा स्वास्थ्यमन्त्री गगन थापाले मंगलबार संसद्को बैठकमा आफ्नो धारणा राख्दै यसप्रति संकेत पनि नगरेका होइनन् । 'आज हामी सबै एक ठाउँमा उभिएका छौं । हाम्रा बीचमा समझदारी बनेको छ । आत्तिनुपर्ने, डराउनुपर्ने कुरा केही छैन । बरु हिजो यही ठाउँमा हामीले कुर्सी भाँचाभाँच गर्‍यौं । टेबल फोड्यौं । एक अर्काविरुद्ध नाराबाजी गर्‍यौं । तर भूकम्पले हामीलाई एकठाउँमा उभ्यायो । मैले यो प्रकरणलाई (महाभियोग) लाई त्यत्रो मानेको छैन । तर कहिलेकाहीँ नेपालको राजनीतिमा यस्तो परिघटनाले काम गरेको छ ।

यो प्रकरणले सायद एकपटक एकअर्काप्रति राम्रो बोल्न नसकेको अवस्थामा रहेका नेपालका राजनीतिक दलहरुलाई संविधान कार्यान्वयनको सन्दर्भमा एकै ठाउँ उभिने अवसर सिर्जना गर्न सक्दछ । त्यसैले संविधान संशोधन लगायत यावत विषयलाई ओझेलमा नभई यो एउटा अवसर हुन सक्छ र सहकार्यको नयाँ राजनीतिक बाटो हुन सक्छ,' थापाले मंगलबार संसद्को बैठकमा यस्तो धारणा राखेका थिए । बुधबार प्रधानमन्त्री दाहालले नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई बालुवाटार बोलाएर महाभियोगसहित समग्र मुलुकको राजनीतिक घटनाक्रमका बारेमा छलफल गरे । प्रधानमन्त्रीको भारत भ्रमणअघि पार्टीका तर्फबाट सुझाव दिन बाहेक वार्तामै नबसेका एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीले बुधबार बोलाएको बैठकमा निर्धारित समयमा बालुवाटार पुग्दा प्रधानमन्त्रीको सचिवालयका कर्मचारी नै अचम्ममा परे । 'प्रचण्ड हुन्जेल बालुवाटार आउँदिन भनेर कसम नै खाएका थिए,' दाहालको सचिवालयका एक कर्मचारीले भने, 'तर बुधबारको बैठकमा निर्धारित समयमै आउँदा हामी पनि अचम्ममा पर्यौं ।' तीन महिना अघि एमालेका अध्यक्ष समेत रहेका ओलीविरुद्ध दाहालकै नेतृत्वमा अविश्वासको प्रस्ताव ल्याएपछि प्रमुख दलका शीर्ष नेताहरुबीचको सम्बन्ध थप बिग्रिएको थियो । 'कपडा काट्न भन्दा पहिले १० पटक नाप्नुपर्छ ताकि कैंची चलाएपछि पछुतो नहोस्, तर त्यस्तो हुन सकेन,' एमालेका अध्यक्ष समेत रहेका ओलीले प्रधानमन्त्रीका रुपमा आफूविरुद्ध आएको अविश्वासको प्रस्ताव सामना गर्ने क्रममा संसद्मा भनेका थिए, 'निर्वाचनसम्म गठबन्धन लैजाने सहमति भए पनि साथीहरुको मनसाय अर्कै देखियो ।'

ओलीले त्यसबेला नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाप्रति पनि गलत नीति लिएको भन्दै आक्रोश व्यक्त गरे । 'सबैभन्दा ठूलो दलले नै ठुला दलहरु मिल्न नहुने भन्ने नीति लिनु नै गलत भयो,' उनको भनाई थियो, 'कांग्रेसले ठुला दल एकठाउँमा बस्नुहुँदैन भनेर सिद्धान्त नै प्रतिपादन गरेको छ । मिलेर काम गरे पनि सरकारमा ठुला दल सँगै बस्नुहुँदैन भन्ने उसको सिद्धान्त नै हो ।' यस्तो अवस्थामा रहेका राजनीतिक दलहरु एकठाउँ हुनु राम्रो भए पनि महाभियोग र संविधानलाई एक अर्कासँग साटफेर गर्न नहुने राजनीतिक विश्लेषक निलाम्बर आचार्यको भनाई छ ।

दुवै विषयमा छुट्टा छुट्टै छलफल गरेर कुरा मिलाउनु राम्रो हुने तर साटफेर भयोभने लोकतन्त्रका लागि सहि नहुने आचार्यको तर्क छ । 'कुनै एउटा एजेण्डाले ल्याएको भए पनि दलहरु एकठाउँमा आउनु राम्रो हो तर साटफेर गर्न नहुने विषय मिसाउने प्रयास हुँदैछ यो राम्रो होइन,' आचार्यले बाह्रखरीसँग भने । संविधान कस्तो बनाउने, कुन-कुन विषयमा संशोधन गर्ने भन्ने कुरा महाभियोगसँग साटफेर र मोलमोलाई गर्न नहुने उनको धारणा छ ।

पढाइ लेखाइको नाममा जो कसैले पनि बालबालिकालाई शारीरिक तथा मानसिक पीडा र चोट नदिऔं, सभ्य र शालीन बनि बाल अधिकारको सम्मान गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

हार्दिक बधाई
श्री सुदर्शन बसौलाज्यूलाई



हाम्रा आदरणीय एवं प्रिय दाजु, धादिङ-पोखरा सम्पर्क समाज आगिन्चोक इकाइका उपाध्यक्ष श्री सुदर्शन बसौलाज्यू धादिङ-पोखरा सम्पर्क समाजको नवौं अधिवेशनबाट गरिमामय वरिष्ठ उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ लगायत सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

प्रो. पवनराज बसौला / गोमा बसौला
होटल जेनिशा ईन परिवार
पोखरा-६, लेकसाइड

# साहित्य

## मुक्तकहरु

✍तीर्थराज अधिकारी

रामरी हेर स्थल भन्दा जल धेरै छ जगत्मा
कति खेर गई रहेछ विशुद्ध पानी फगतमा
विकल्पमा किन पसिनाकै पानी खान्छ मान्छे ?
कतै पानीको मात्रा खोज्ने हुन की मान्छेकै रगतमा !

❖❖❖

आकाशमा उँडु भने कावा खाइरहेको चिल छ
जमिनमा उँडु भने हावा चलिरहेको भिल छ
कहाँ उडुँ, कहाँ बसुँ, खै कहाँ गुँड लगाउँ ?
हरेक ठाउँमा दुष्ट सिकारीको मन्जील छ ।

❖❖❖

फाटेको मन चित्तले सिउन थाल्यो भने
वनस्पतिले आफ्नै फल खाएर जिउन थाल्यो भने
यो संसारमा भोक प्यास हराउँथ्यो होला !
नदीले आफ्नो जल आफै पिउन थाल्यो भने ।
मातृत्वको साइनो मेटिन थालिएका छन्
दुधमा अखाद्य वस्तुहरू फेटिन थालेका छन्
अरु के कुरा ! साना नानीले खेल्ने खेलौनामासमेत
बारुदका कणहरू भेटिन थालेका छन् ।

❖❖❖

उनी न देवता न देवी हुन्
नियमित सोम रस सेवी हुन्
कौरव र पाण्डवका साझा गुरु ती
द्रोण नै पहिलो टेष्टट्युव वेवी हुन् ।

❖❖❖

माइती भन्नु नै आमाको घर हो
अर्को नगिजको साइनो मामाको घर हो
यता गए पनि भयो, उता गए पनि भयो
रमाई-रमाई खाने त उही तीजको दर हो ।

❖❖❖

कि यो चार धाम कि तीर्थ यात्रा हो
कि यो मानसिक औषधिको मात्रा हो
पङ्क्तिवद्ध भएर दक्षिणतिर हुर्रिने क्रम
कोही भन्छन् तावेदारी त कोही भन्छन् गाई जात्रा हो ।
झोली झयाउलो एकातिर फालिसकेको छु
उहीं कोलेनी बसाउने अभियान थालिसकेको छु
यो झुत्रो संसारमा के नविनता आऊला र खै ?
आफूत मंगल ग्रहमा जाने अर्जी हालिसकेको छु ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक १२ गते शुक्रबार, तदनुसार अक्टुवर २८ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३६, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिककृष्णपक्षको त्रयोदशी तिथि अहोरात्र रहनेछ । आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि ५१ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १२ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २१ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला ।

**वृष** : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता बढ्ने, आम्दानीका श्रोत घट्न सक्ने ।

**मिथुन** : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ ।

**कर्कट** : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ ।

**सिंह** : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदेशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ ।

**कन्या** : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर रहने, यात्रा फलदायी हुनेछ ।

**तुला** : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ ।

**वृश्चिक** : राजनैतिक दुःख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ होसियार हुनुहोला ।

**धनु** : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

**मकर** : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुने, गरेको कार्य अर्थहिन हुने ।

**कुम्भ** : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ जोगिनुहोला ।

**मीन** : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# साहित्य/सिर्जना



# कथा सन्दर्भ र नित्यानन्दको 'बाँच्ने रहर'



✍उत्तमकृष्ण मजगैयाँ

१९ औं शताब्दीदेखि एउटा छुट्टै विधाको रुपमा विकसित हुँदै गएको आधुनिक नेपाली कथाले एउटा निश्चित सिद्धान्त र गोरेटोबाट हिंड्दै प्रयोग र शिल्पका दृष्टिले आज निकै विस्तृत स्वरुप पाइसकेको छ । वर्तमान समयमा जीवन जति-जति जटिल र व्यस्त हुँदै गइरहेको छ त्यति नै कथा, लघु कथा(तथा सूत्र कथा पनि) निकै लोकप्रिय विधाका रुपमा स्थापित भइरहेको छ । नेपालको सन्दर्भमा हेर्दा कथाकार गुरुप्रसाद मैनालीको 'नासो' (विसं. १९९२) बाट थालनी भएको नेपालको आधुनिक कथा-यात्रा पुष्कर शमशेर, रुपनारायण सिंह, तारिणीप्रसाद कोइराला, दौलतविक्रम विष्ट, विपि कोइराला, गोविन्दबहादुर मल्ल 'गोठाले', मदनमणि दीक्षित, भवानी भिक्षु, रमेश विकल, इन्द्रबहादुर राई, डा. ध्रुवचन्द्र गौतम, पोषण पाण्डे हुँदै पारिजात, परशु प्रधान, सनत रेग्मी, गोपाल पराजुली, अशेष मल्ल, खगेन्द्र संग्रौला, राजव, नारायण ढकाल, मञ्जु का'चुली, वेदकुमारी न्यौपाने, सीता पाण्डे, माया ठकुरी, मधुवन पौडेल, ध्रुव मधिकर्मी, ध्रुव सापकोटा, भाउ पन्थी, गोविन्द गिरी 'प्रेरणा', उत्तमकृष्ण मजगैया', इन्द्रकुमार श्रेष्ठ 'सरित', नरेन्द्रराज पौडेल, महेशविक्रम शाह, आमोद भट्टराईसम्म आइपुगेको छ । यस्ता नामहरुको एउटा लामै सूची बन्न सक्छ । राजधानी र मोफसलका गरी अहिले पनि सयौं कथा-लेखक पूर्ण सीप र खिपका साथ सिर्जनरत छन् । डा. ध्रुवचन्द्र गौतम, गोपाल पराजुली, ध्रुव मधिकर्मीलगायत कतिपय साधकहरुले नवीन प्रयोगद्वारा यस विधालाई थप गति प्रदान गरेका छन् । देश बाहिरका नेपाली कथाकारहरुले पनि सार्थक योगदान दिएकै छन् । यसरी हेर्दा नेपाली कथा साहित्य निकै समृद्ध रहेको छ भन्नुपर्छ ।

लोककथा र गीति लोककथा(थारु, मगर र ब्राह्मण-शास्त्रीय नीतिकथा) क्षेत्रमा दाङ समृद्ध नै रहेको छ । यिनै लोककथाहरुको आधारभूमिमा आधुनिक कथाको जग बसेको हो भन्न सकिन्छ । दाङको आधुनिक कथासन्दर्भमा हेर्दा निकै थोरै लेखकहरुले मात्र यस विधामा कलम चलाएको पाइन्छ । वनारसबाट प्रकाशित उदय पत्रिका( वर्ष १४, अंक १२, २००८) मा प्रकाशित मीन दङाली( मीनकेतन शर्मा घिमिरे) को 'विरहीको पत्र' शीर्षकको कथालाई नै दाङको पहिलो प्रकाशित कथाको रुपमा लिन सकिन्छ । त्यसपछि उदय, सन्देश(२०१४), ज्योत्स्ना( २०१५) जस्ता पत्रिकाहरु प्रकाशित हुँदै गर्दा कविता र निबन्ध विधाका साथै लेखकहरुले कथाको प्रकाशनतिर पनि रुचि लिएको पाइन्छ । तर पूर्ववर्ती लेखकहरुले यसलाई निरन्तरता नदिएको र पुस्तक प्रकाशनतिर पनि कुनै चासो दिएको पाइन्न । उत्तरवर्ती केही लेखकहरुले भने कथामा थोरै-थोरै कलम चलाएका छन् तथा पत्रपत्रिकामा पनि फुट्कर रचना प्रकाशन गर्नुका साथै केही कृतिहरु पनि प्रकाशन गर्ने जमर्को गरेका छन् । कथा विधाको पहिलो प्रकाशित कृति भने नित्यानन्द शर्माको 'बाँच्ने रहर'-(२०४५) नै हो । यसपछि मात्रै अन्य केही स्रष्टाहरुले आफ्नो कथाकृति प्रकाशनतिर चासो दिएको देखिन्छ । दुर्गाप्रसाद लामिछानेको 'अपराधी को ?'-(२०४८), शेरबहादुर चौधरीको 'टुक्रिएको जिन्दगी'-(२०४८), बलदेव मजगैयाँको 'संकल्प'-(२०५३), बासुदेव भण्डारीको 'परिवेश'-(२०५५), सूर्यनाथ सापकोटाको 'घायल मुटु'-(२०५६) र 'फुल्दै झर्दै, झर्दै फुल्दै' सूत्रकथा-(२०६०), मेदिनीकुमार केवलको 'पि.ए.को बिहे'-(२०५८), उत्तमकृष्ण मजगैयाँको 'बेंसीतिर'-(२०५९) कृष्ण सर्वहारीको 'मामा-भाञ्जा'-(लोककथा संग्रह-२०६०) र 'सुख्ली'-(बालकथा संग्रह-२०६२), गोविन्द कुसुमको 'तन्द्राभित्रको अतीत'-(२०६०), सूर्य विसीको 'ठूल्दाइको सपना'-(२०६०) र 'जोजोले जोगायो'-(बाल कथासंग्रह २०६२), सविन प्रियासनको 'सपनाभित्रको सपना'-(२०६२) पद्मप्रसाद शर्माको 'उपहार'-(२०६२), के.एल. पीडितको 'झोला र सपनाहरु'-(२०६२), सरला रेग्मीको 'चुँडाल्दै बन्धनहरु'-(२०६४), सुनिल पोखेलको 'नेपाली विज्ञान कथासंग्रह'-(सम्पादन-२०६७), गुरुप्रसाद शर्मा रेग्मीको 'मनका पाइलाहरु'-(२०६८), छविकिरण वलीको 'धुवाँमा रुमल्लिएको कोठा'-(२०६९), राधा गौतमको 'यात्रा'-(२०७१) जस्ता केही कृतिहरु प्रकाशित रहेका देखिन्छन् । रमेश क्षितिज, शरद देवकोटा, इन्द्र विवश डिसी, लेनिन बञ्जाडे, महेन्द्र महक, दिल महरा, नारायण विवश, दीपक घिमिरे, विष्णु आर्ट, सौगात आचार्य, सहदेव श्रेष्ठ, बसन्त विवश आचार्य, खिमु केसीलगायत कतिपय स्रष्टाहरुका पनि फुट्कररुपमा कथा प्रकाशित भएका पाइन्छन् । अधिकांश कथाकारका रचनाहरुमा शैल्पिक उचाइ र नवीन प्रयोगको प्रायः अभाव पाइन्छ । तर नयाँ पुस्ताका लेनिन बञ्जाडे, महेन्द्र महक, दिल महरा, दीपक घिमिरे, बसन्त विवश आचार्य, खिमु केसीलगायत केही स्रष्टाहरु भने प्रशस्त सुखद सम्भावना र नयाँ सीप बोकेर आएको आभास हुन्छ । यति पूर्व-चर्चापछि अब मूल विषय अर्थात् नित्यानन्द शर्माको 'बाँच्ने रहर' नामक कथासंग्रहमै केन्द्रित रहन चाहन्छु । प्रायः गीत र फुट्कर कविता लेखेर प्रशस्त चर्चा पाइसकेका दाङका साहित्यकार नित्यानन्द शर्मा(२००९) ले सर्वप्रथम २०४५ सालमा 'बाँच्ने रहर' कथासंग्रह प्रकाशन गरेर दङाली कथा साहित्यको प्रथम कृतिकारका रुपमा आफ्नो पहिचान दिन सफल भएका छन् । विभिन्न सामाजिक विषयवस्तुमा संरचित प्रायः लघु-मध्यम स्वरुपका जम्मा १६ थान कथाहरु यसमा संकलित रहेका छन् । यस आलेखमा उनको यही संग्रहभित्रका कथाबारे चर्चा गर्ने केही जमर्को गरिएको छ ।

शिक्षा पुरस्कार(२०३९ र २०४५), यादव प्रतिभा पुरस्कार(२०५०), वम-शंकर पुरस्कार(२०५६)बाट सम्मानित भइसकेका शर्मा विभिन्न सामाजिक तथा साहित्यिक संघसंस्थासित आवद्ध छन् । यिनले ज्योत्स्ना, राप्तीदूत, प.नि. स्मारिका, गंगालगायत केही पत्रपत्रिका र 'राप्तीका गीत' एवं केही स्मृतिग्रन्थको सम्पादन पनि गरेका छन् । पछिल्लो समयमा यिनी दङाली पर्यटकीय क्षेत्रहरुको विशेष अध्ययन-लेखन र बालकविता रचनामा बढी एकोहोरिएका देखिन्छन् र यिनको 'जूनमामा'-(बाल कवितासंग्रह-२०६३) पनि प्रकाशित रहेको छ । तर यिनको विशेष साहित्यिक प्राप्ति र पहिचान भने 'बाँच्ने रहर' नामक यही कथासंग्रह नै बनेको छ । यिनको कृतित्व र व्यक्तित्वको विषयमा कान्ति भुसालले २०६९ मा शोधपत्र तयार गरिसकेकी छन् ।

'बाँच्ने रहर'मा संकलित कथाहरुमध्ये आख्यान तत्व र रस, भावका दृष्टिले बाँच्ने रहर, प्रतीक्षा, विवशता, कति बोकेर हिंड्ने रित्तो जीवन शीर्षकका कथाहरु सापेक्षतामा राम्रा छन् । लेखकद्वारा 'रहरमै लेखिएका' भनिए पनि सामाजिक विषयवस्तु, सरल र सुबोध शैली तथा कथ्यको रोचकताका कारण पठनीय बनेका छन् । यी कथाहरु मौलिक र सुन्दर छन् तथा आफ्नै वरिपरिको परिवेशमा भएका, आफू परिचित रहेका, देखे-भोगेका जस्ता यथार्थपरक र विश्वसनीय लाग्छन् । प्रायः गुरुप्रसाद मैनालीकै परम्परा पछ्याएझैं लाग्ने यिनका कथाहरुको अध्ययन गर्दा यिनी एक आदर्शोन्मुख कथाकारका रुपमा देखिन्छन् । एक अनुकरणीय सामाजिक व्यक्तित्व प्राप्त गर्न सफल शर्माका कथा पनि सुधारात्मक पक्षतिर बढी केन्द्रित रहेका देखिन्छन् भने कतै-कतै उपदेश जस्ता पनि लाग्छन् । तर पढ्दा पट्यार लाग्ने, बोझिलो र निरस भने छैनन् ।

कथाकार नित्यानन्द शर्माले आफ्नै गाउँ-परिवेश र आफ्नै भोगाइ तथा आफू बसे-भिजेको समाजको सुख-दुखात्मक स्थिति र अवस्थालाई नै कथाको विषयवस्तु बनाई रोचकताका साथ प्रस्तुत गरेका छन् । त्यसैले पनि यी कथाहरु प्रायः यथार्थकै सन्निकट रहेका छन् भन्नुपर्छ । कथाका अधिकांश पात्र-पात्राहरु ग्रामीण परिवेशबाटै सिर्जित छन् भने त्यहा'को झगडा र मेल, साहुको ऋणबाट आक्रान्त सोझो निमुखो व्यक्ति र लाहुरे-विवशता, चरम आर्थिक विपन्नता र जीवन-संघर्ष देख्न सकिन्छ । तर निराशा र उद्वेगका बीचमा पनि जुझेरै बा'च्ने रहर एवं जीवन र जगतप्रतिको आस्था र सकारात्मक धारणा रहेको देख्न पाइन्छ यी कथाका पात्रहरुमा । यस्तो पात्रले दुःख र अभावका कारण परदेशमा हेलिनु परेको लाहुरेको चिठी पढी वाची सुनाउ'छ उसकी विरहिणी-गर्भिणी पत्नीलाई, अनि उसका आँसु टिपेर पत्र लेखी प्रेषित गरिदिन्छ उसको विवश लाहुरे पतिलाई । यही क्रममै करुण कथा आफै विकसित भई पाठकको मनलाई छोएर उसको मथिङ्गल मथ्न थाल्छ । पाठक केही क्षुब्ध, केही आक्रोशित र केही संवेदित बन्न बाध्य हुन्छ ।

आख्यानकार शर्माका कथाहरुमा आफ्नै वन-मेलापात, आफ्नै खोला-खर्क, आफ्नै खेत-खलिहान र आफ्नै मन-माटोका शब्द-चित्र भेटिन्छन् । साँच्चिकै आफ्नो माटोप्रतिको मोह र माया पाइन्छ भने संघर्ष, युद्ध र द्वन्द्वका बीच पनि निर्द्वन्द्व बाँच्ने चाहना र जीजिविषा देखिन्छ । समग्रमा 'बाँच्ने रहर'को सारभूत तत्व पनि यही हो जसले पुस्तकको शीर्षकलाई पूर्ण सार्थकता प्रदान गरेको छ । यी कथाभित्रका अधिकांश सत्पात्रहरु खलपात्रहरुबाट सताइएका, नंग्र्याइएका, चपाइएका क्षतिग्रस्त मानसिकताका छन् तर चाडपर्व, विवाह वा यस्तै कुनै खास अवसरमा ऋण काढेरै भए पनि पुनः टाउको उठाएर गाउन नाच्न थालिहाल्छन् मादल ठोक्दै । जस्तोसुकै निराशाका बीच पनि आशामुखी बन्दै एकछिन भए पनि कति छिट्टै भारमुक्त अनुभव गर्न सक्छन् यी सरल हृदयका गाउँले बन्धुहरु !

यिनका निष्कपट र निश्छल व्यवहार यथार्थ परिवेशमा पनि र नित्यानन्द शर्माका कथाभित्र पनि सहज अनुभव गर्न सकिन्छ । त्यसैले पनि यिनका कथाहरु 'बाँच्ने जीजिविषा र असहज परिस्थिति बीचको संघर्षगाथा नै हुन्' भन्न सकिन्छ । यिनका पात्रहरुले डुब्दाडुब्दैको घामलाई पनि आशामुखी भएर भोलि हुने सूर्योदयको सापेक्षतामा हेर्ने गर्छन् । बरु दुःखसँग पौंठेजोरी खेल्छन्, जीवन हार्दैनन् ।

कथाकार शर्माले आफ्ना केही कथामा प्रेम र यौनलाई पनि स्थान दिएका छन् । यस्ता कथाहरु विशेष वर्ग र खास आयु समूहका पाठकहरुद्वारा बढी पढिन्छन् र रुचाइन्छन् पनि । खासगरी प्रेम र वियोगका यी कथाहरु युवा र किशोरवयका विद्यार्थी-पाठकहरुबीच बढी लोकप्रिय बनेका पनि पाइएका छन् । तर अल्लारे बैंसमा यदि होश राखिएन भने त्यसको परिणाम नकारात्मक हुन सक्छ भन्ने सन्देश र चेतावनीका साथ कथाकारले सुधारवादी दृष्टिकोण राखेको पनि पाइन्छ । यसरी यिनका कथाले खास उमेर समूहका पाठकहरुलाई सचेत तुल्याउँदै मार्गदर्शन पनि गरेका छन् । आख्यानकार शर्मा गीतकार पनि भएकाले यिनका केही कथामा बीच-बीचमा गीतका बोल पनि राखिएको पाइन्छ । जस्तैः

*'जति रोए पनि मनको बह पोखिदैन'*
*(अधुरो रेखा- पृष्ठ १६)*
*'जहा'सुकै गए पनि फगत तिम्रै रहनेछु*
*जति दुःख गरे पनि तिम्रै साथ रहनेछु ।'*
*(विछोड- पृष्ठ १०)*
*'सम्झे कहिलेकाहीं बाडुकी बनी आउने छु ।'*
*(स्मृतिका पानाहरु- पृष्ठ ४५)*

लेखकको प्रशंसामा मात्र सीमित नरही कथामा रहेका केही कमीकमजोरी पनि औंल्याइदिएमा लेखकका लागि राम्रै होला भन्ने धारणा राख्दै यहाँ केही कमजोर पक्षतिर पनि दृष्टि दिने प्रयास गरिएको छ । कथाकार शर्माको आफ्नै निजी र विशिष्ट शैली छ । तर विषयवस्तु र भाषा शैलीमा नया'पन र प्रयोगको भने प्रायः अभाव रहेको छ । आख्यानमा विचार-अभिव्यक्तिका लागि संवादको निकै ठूलो भूमिका रहन्छ तर यिनका कथामा संवादको प्रायः कमी नै रहेको छ । कथामा लेखक स्वयं आफै बोलेका छन् । वर्णनात्मक-विवरणात्मक शैलीले रोचकतामा केही कमी ल्याएको छ भने कथाका विषयवस्तुमा पनि खासै त्यति भिन्नता र विविधता नभएकैले एकसार वा एकरसता पाइन्छ । यस्तै, कथाहरुमा कौतुहलता र उत्सुकताको पनि प्रायः अभाव नै देखिन्छ । भाषा र मुद्रणमा पनि असावधानीवश केही त्रुटि र असुद्धि रहन गएको छ । प्रायः सबै कथाले कलाको टड्कारो आग्रह गर्दछन् भने चरमोत्कर्षको पनि प्रायः अभाव देखिन्छ । धेरैजसो कथाहरुको अन्त्य पाठकले पहिले नै अनुमान गर्न सक्छन् । वास्तवमा कथा चरम अवस्था( ऋथिभह) मा पुगेर मात्रै एकाएक टुंगिनुपर्छ । कथामा घटनाक्रम क्रमशः विकसित हु'दै चरमोत्कर्षको जुन सीमानेर पुगेर त्यसको प्रभाव सकिन्छ त्यहींनेर कथा पनि टुंगिन्छ, टुंगिनुपर्छ । यस्तो अवस्थामा पाठक स्तब्ध बन्छ, हतप्रभ या विस्मित संमोहित हु'दै आनन्दातिरेकले रोमाञ्चित हुन्छ । कहिलेकाहीं त भावातिरेकले रुन्छ वा हा'स्छ पनि । कथाको प्रभावले उत्तेजित बनेको पाठकको मस्तिष्क एकछिन अडेर केही सोच्न बाध्य बन्छ र आफ्नो केही स्वतन्त्र विचार बनाउन थाल्छ । यसरी सुन्दर र प्रभावकारी कथाले पाठकको हृदयलाई पगाल्छ भने उसको चेतना-ब्रह्मलाई पनि झक्झक्याइदिन्छ । आफ्ना कथामा यस्तो उत्कृष्ट प्रभाव उत्पन्न गर्न कथाकार शर्माले अझै थप अभ्यास गर्नुपर्ने देखिन्छ ।

कथा जीवनको नौलो सृष्टि हो, त्यसको पुनर्जन्म हो । उपन्यासमा रहेझैं कथामा वास्तविक जीवनका सम्पूर्ण कुराहरु हु'दैनन् बरु त्यसको एउटा प्रभाव मात्र उपस्थित रहन्छ । तर जीवनको अर्थ वा सारको झलक भने यसमा रहन्छ । आख्यानकार नित्यानन्द शर्माका कथामा पनि पाठकलाई जीवनको यही सार-तत्व वा अर्थको अन्तर्बोध हुन्छ । देवकोटाको कथन जस्तै यिनले पनि कथारुपी अ'खिझ्यालबाटै आफ्नो समाज र आफू बा'चेको समयलाई चियाएका छन् । जीवन र जगतको सार्थक रुप निर्माण गर्नु नै कथा लेख्नुको मुख्य उद्देश्य रहे जस्तै यिनका कथा पनि समयसापेक्ष र समाजसापेक्ष रहेका छन् भन्न सकिन्छ । सुन्दर र सार्थक कथा लेख्न अभ्यस्त भइसकेका कथाकार नित्यानन्द शर्मा आफ्ना पछिल्ला दिनमा कथा-लेखन तथा प्रकाशनमा त्यति सक्रिय देखिएका छैनन् । बालगीत वा बालकविता लेखनमै प्रायः एकोहोरिएका शर्माले कथा-लेखनलाई पनि निरन्तरता दिनैपर्छ किनभने दाङको साहित्यिक फा'टमा स्पष्ट पहिचानसहित यिनको सवल उपस्थितिका साक्षी भनेका यिनका यिनै कथाहरु नै हुन् । बरु म यिनको कथा-शिल्प अरु खारियोस् र राष्ट्रियरुपमै यिनको स्पष्ट पहिचान बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

# बालुवाटारको १ नं. गेट र पूर्वप्रम ओलीको रिस

**काठमाडौं ११ कार्तिक ।**

नेपालका पूर्व प्रधानमन्त्री केपी शर्मा ओली बालुवाटारमा करिब नौ महिनासम्म प्रधानमन्त्रीका रूपमा बसे । उनी बसेका बेलामा बालुवाटारको एक नम्बर भनिने आँखा भएको गेट कहिल्यै खुलेन । किनभने उनको त्यो गेटसँग विशेष शत्रुता रहेछ । करिब चार वर्ष पहिलेको घटना हो जुनबेला तत्कालीन एमाले अध्यक्ष झलनाथ खनाल देशका प्रधानमन्त्री थिए । प्रधानमन्त्री खनाल अध्यक्ष भए पनि उनका लागि विशेष भूमिका भएका व्यक्ति थिए तत्कालीन वरिष्ठ नेता केपी शर्मा ओली ।

कुनै एक कार्यक्रममा प्रधानमन्त्री झलनाथ खनाल गएका थिए जहाँ ओली पनि सँगै थिए । कार्यक्रम पछि खनालले ओलीलाई पनि प्रधानमन्त्री निवास बालुवाटार सँगै आउन भने । प्रधानमन्त्रीको गाडी अघिअघि कुद्यो, ओलीको गाडी पछि पछि । बालुवाटारसम्म प्रधानमन्त्रीको पजेरो र सुरक्षा निकायका मोटरसँग बेतोडका साथ ओलीको ल्यान्डरोभर पनि कुद्यो । बालुवाटार पुगेपछि झलनाथ खनालको मोटर र सुरक्षा टोली फटाफट १ नं गेटबाट भित्र छिर्‍यो तर ओलीको रातो गाडीलाई भित्र छिर्न दिइएन । गोलीजस्तो फटाफट भित्र छिर्नुपर्ने ओलीको अनुहार उनको मोटरजस्तै रातो भयो । उनी फर्केर ३ नं गेटबाट छिरेर २ नं गेट पार हुँदै त्यो १ नं गेटलाई दायाँ पार्दै बालुवाटारभित्र छिरे । तर, उनलाई १ नं गेटसँग चिढ भयो । एक नम्बर गेटबाट प्रधानमन्त्री, भूतपूर्व प्रधानमन्त्री, वर्तमान मन्त्री तथा कूटनीतिक निकायका प्रमुखलाई मात्र भित्र छिर्न दिइने सुरक्षा प्रावधान मिलाइएको हुनाले सेनाले सो गेटबाट ओलीलाई छिर्न दिएको थिएन । आफू छिर्न नपाएको गेटसँग ओलीको रिस धेरै पछिसम्म पनि मरेको रहेनछ । आफू प्रधानमन्त्री हुनेबित्तिकै सबैभन्दा पहिले त्यो गेटलाई बन्द गर्ने निर्देशन दिए । ओली प्रधानमन्त्री हुन्जेल कोही पनि त्यो गेटबाट छिरेन । ओली आफैँ पनि सो गेटबाट ओहोरदोहोर गरेनन् ।

ओलीपछि प्रधानमन्त्री भएका पुष्पकमल दाहालले भने सबैभन्दा पहिले त्यही गेट खोल्ने निर्णय गरे । त्यो कुरा त्यसै सेलाएको थियो । तर, ओली पदबाट बाहिरिएपछि बुधबार पहिलोपल्ट बालुवाटार छिर्दा एक नम्बर गेटको कुरा पुनः स्मरण भयो । ओली अब पूर्व प्रधानमन्त्रीको नाताले १ नं गेटबाट भित्र छिर्न सक्थे, तर उनी छिरेनन् । बालुवाटारका सुरक्षा निकायका अनुसार उनी ३ नं गेटबाटै छिरे, जसरी आफू प्रधानमन्त्री हुँदा छिरेका थिए । ओलीको १ नं गेटसँगको अहिलेको रिस कायमै रहे भविष्यमा अब सो गेटै बन्द नहोला भन्न सकिएला र ?

ऐजेन्सी

# नविन टोलमा घिमिरे

**पोखरा ११ कार्तिक ।**

लेखनाथ नगरपालिका वडा नं.-१३ रहेको नविन टोल विकास संस्थाको दोश्रो साधारण सभा तथा प्रथम अधिवेशनले आगामी कार्यकालकालागि मुकुन्दराज घिमिरेको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ । सर्वसम्वतरुपमा चयन भएको समितिको उपाध्यक्षपदमा निर्मला तिवारी, सचिवमा तीर्थराज ढकाल, कोषाध्यक्षमा सोविता ढकाल र सदस्यहरुमा पवित्रा आले, दिपेन्द्र तिवारी र सलिनवक्स मिँया चयन भएका हुन् । समितिका अध्यक्ष मुकुन्दराज घिमिरेको अध्यक्षतामा भएको सो कार्यक्रममा स्थानीय समाजसेवी प्रकाशचन्द्र पागलले टोलको विकासका लागि स्वयं टोलवासीहरु संगठीत भएर सहमति र सहकार्यका आधारमा अगाडि वढ्नु पर्नेमा जोड दिएका थिए ।

# सशस्त्र प्रहरीको स्थापना दिवसमा विविध कार्यक्रम सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ कार्तिक ।

सशस्त्र प्रहरी बल स्थापनाको १६औं बार्षिकोत्सबको पोखरामा पनि विविध कार्यक्रका बीच मनाइएको छ । दिवसको अवसरमा पोखरा स्थित पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय मुक्तिनाथ वाहिनीमा बिहीवार विशेष समारोह सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय मुक्तिनाथ वाहिनीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक नरेन्द्र कुमार सिंहले देशमा शान्ति सुरक्षा कायम राख्नको लागि सशस्त्र प्रहरीको भूमिका महत्वपूर्ण रहेको बताए । देशमा राजनीतिक स्थिरता कायम नभएकाले सुरक्षा चुनौतिहरु पनि बढेको उल्लेख गर्दै उनले अन्य सुरक्षा निकायसँगको समन्वयमा शान्ति सुरक्षा र अमनचयन कायम राख्न सशस्त्र प्रहरी दृष्टि रहेको स्पष्ट पारे ।



समारोहमा सशस्त्र प्रहरी तालिम महाविद्यालयका सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक कवीन्द्रमान श्रेष्ठले सशस्त्र प्रहरी महानिरीक्षक दुर्जकुमार राईको शुभकामना सन्देश पढेर सुनाएका थिए । शुभकामना सन्देश मार्फत राईले संगठनलाई अझ प्रभावकारी बनाउँदै उत्साहको साथ कर्तब्यपथमा लाग्न निर्देशन दिएका छन् । १६औं बार्षिकोत्सबको अबसरमा पोखरामा आयोजित कार्यक्रमका बीच २४ जना अमर सशस्त्र प्रहरी कर्मचारीका छोराछोरीलाई जनही २४ हजार रुपैयाँका दरले छात्रवृति वितरण गरिएको छ । वहालवाला तथा भूपू सशस्त्र प्रहरीका छोराछोरी मध्ये प्रवेशीका परीक्षामा उत्कृष्ट नतिजा ल्याउने १० जनालाई जनही १० हजारको दरले पुरस्कार प्रदान गरिएको छ ।

कार्यक्रममा मुक्तिनाथ वाहिनी अन्तर्गत रहेर बर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीलाई समेत सम्मान गरिएको छ। यो बर्ष सशस्त्र प्रहरी नायव निरीक्षक धर्मेन्द्र चौधरी, सशस्त्र प्रहरी जवान कविराज क्षेत्री र सशस्त्र प्रहरी परिचर माया गुरुङ्गलाई जनही १० हजार र सम्मान पत्रद्वारा उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिएको छ । त्यस्तै कल्याणकारी सेवा केन्द्र अन्तर्गत उपचार खर्च स्वरुप गोरखा गुल्मका सशस्त्र प्रहरी सहायक हवल्दार पूर्ण वहादुर नेपालीलाई २५ हजार रुपैया हस्तान्तरण गरियो । समारोहमा वार्षिकोत्सबको अबसरमा आयोजित विविध प्रतियागितात्मक कार्यक्रमका विजेता खेलाडीलाई पुरस्कार वितरण समेत गरिएको थियो ।

दिवसको अबसरमा कात्तिक ७ गते सम्पन्न डवल ब्याडमिन्टन प्रतियोगितामा प्रथम हुने सशस्त्र प्रहरी उपरीक्षक मान वहादुर रजाली मगर र सशस्त्र प्रहरी उपरीक्षक रविन्द्र मल्लको जोडी, दोस्रो हुने सशस्त्र प्रहरी नायव महानिरीक्षक नरेन्द्र कुमार सिंह र सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक कष्णभक्त ब्रम्हचार्यको जोडी तथा तेस्रो स्थान हात पार्न सफल सशस्त्र प्रहरी निरीक्षक उपेन्द्र बुढा क्षेत्री र सशस्त्र प्रहरी नायव निरीक्षक रामु अधिकारीको जोडीलाई पुरस्कार प्रदान गरिएको थियो ।

यसैगरी कात्तिक ९ गते सम्पन्न ८ किलोमिटर दौड प्रतियोगितामा ४८ प्रतियोगिलाई पछि पार्दै पहिलो हुने सशस्त्र प्रहरी जवान राम वहादुर राना , दोस्रो हुने सशस्त्र प्रहरी जवान थमन बहादुर थापा र तेस्रो हुने सशस्त्र प्रहरी जवान सुरेश ढुंगानालाई प्रमाणपत्र तथा पुरस्कार रकम हस्तान्तरण गरिएको थियो । सशस्त्र प्रहरी नायव महानिरीक्षक नरेन्द्र कुमार सिंह, सशस्त्र प्रहरी बरिष्ठ उपरिक्षक कृष्णभक्त ब्रम्हचार्य र कवीन्द्रमान श्रेष्ठ, सशस्त्र प्रहरी उपरिक्षक रामकुमार राई लगायतले पुरस्कार प्रदान गरेका थिए । सशस्त्र प्रहरी वल मुक्तिनाथ वाहिनीका अनुसार पश्चिमाञ्चलमा ५४ जना अमर सशस्त्र प्रहरीहरु छन् । यो क्षेत्रमा झण्डै पाँच हजार दुई सय सशस्त्र प्रहरी फौज तैनाथ छन् ।

# स्टेशनरी सामाग्री सहयोग

पोखरा ११ कार्तिक ।

पोखराको न्युरोडमा रहेको कम्पिलिट गार्डेन कस्टिम टेलरिङ्ग नामक व्यावसायिक संस्थाले हंसपुरका दलित विद्यार्थीलाई विद्यालय पोशाक तथा स्टेशनरी सामाग्री वितरण गरेको छ । हंसपुरमा रहेको हंसपुर प्राविका २६ जना दलित विद्यार्थीलाई कार्यक्रमका प्रमुख अतिथि सांसद यज्ञबहादुर थापा, पोखरा उपत्यका नगर विकाश समितिका अध्यक्ष प्रकाशमोहन खनाल र गार्डेनका सञ्चालक पोषराज पौडेलले उक्त सामाग्री वितरण गरेका हुन् ।

विद्यालय व्यवस्थापन समितिका सदस्य सन्तोष सुवेदीको अध्यक्षतमा भएको सो कार्यक्रममा बोल्दै प्रमुख अतिथि थापाले विद्यार्थीलाई विद्यालयमा आर्कर्षित गर्न यस्ता कार्यक्रमहरुले महत्वपूर्ण भूमिका खेल्ने बताए । कार्यक्रममा गार्डेनका सञ्चालक पोषराज पौडेल, समाजसेवी आनन्द सुवेदी, शिक्षक अपिल सुवेदी लगायतले ग्रामिण क्षेत्रका सरकारी विद्यालयहरुमा विद्यार्थीहरुको आर्कषण बढन नसकेकोमा चिन्ता व्यक्त गरका थिए । विगत १ दशक देख सटिङ्ग सुटिङ्गका व्रान्डेड सामान विक्री गर्दै आइरहेको उक्त संस्थाले यस अघि पनि विभिन्नि विद्यालयहरुमा सहयोग गरेको थियो ।

# पर्यटकीय गाउँ तोल्कामा विविध खेलकुद

पोखरा ११ कार्तिक ।

कास्कीको उत्तरपश्चिमें अन्नपूर्ण ट्रेकमा पर्ने तोल्का ८ लुम्लेमा बृहत खेलकुद कार्यक्रम शुरु भएको छ । तोल्का ८ लुम्लेमा रहेको देउराली युवा क्लवले आफ्नो १३ औ वार्षिकोत्सवको अवसरमा आयोजना गरेको बृहत् खेलकुद कार्यक्रम बुधवारबाट शुरु भएको हो । सो समारोहको उद्घाटन गर्दै स्थानिय समाजसेवी हरिमान गुरुङले क्लवले आफ्नो वार्षिकोत्सवका अवसरमा खेलकुद कार्यक्रमको आयोजना गरी युवाहरु बीच आपसी भाइचाराको सम्बन्ध कायम गर्न ठूलो भूमिका खेलेको वताए । आगामी वर्षमा हुने खेलकुद प्रतियोगितामा प्रथम पुरस्कारको आफुले प्रायोजन गर्ने समेत उनले प्रतिवद्धता ब्यक्त गरे ।

सो अवसरमा वोल्दै नया शक्ति पार्टी नेपालका केन्द्रिय सदस्य तथा पूर्व राष्ट्रिय भलिवल खेलाडी देवी सुवेदीले युवाहरुले खेलकुदबाट नै आफूलाई राष्ट्रदेखि अन्तर्राष्ट्रिय स्तरसम्म चिनाउन सक्ने भएकाले खेलकुद प्रति युवाहरुले चासो देखाउनुपर्नेमा जोड दिए ।

क्लवका अध्यक्ष सन्तोष गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस लुम्लेका सभापति केदार देवकोटा, माओवादी केन्द्रका अध्यक्ष लक्ष्मण देवकोटा, राष्ट्रिय युवा अभियानका केन्द्रिय सदस्य मनोज ढकाल, विद्यार्थी नेता नेत्र चापागाइ, सीएमसी लुम्ले गाविसका अध्यक्ष घनश्याम चापागाइ, पूर्व भलिवल खेलाडी तथा युवा नेता कुमार गुरुङ, क्युप्चे बराह युवा क्लवका सचिव कमल गुरुङ, बरिष्ठ समाजसेवी प्रेम बहादुर गुरुङ, वरिष्ठ समाजसेवी प्रमानन्द पौडेल, वडा नागरिक मन्च लान्द्रुकका संयोजक बुद्धि प्रसाद गुरुङ, तोल्का आमा समुहका सचिव छम माया थापा, वडा नागरिक मन्च तोल्का संयोजक केशबराज दुरा लगायतले कार्यक्रमको सफलताको कामना सहित मन्तब्य राखेका थिए ।

कार्यक्रम सफल बनाउनका लागि सुमन गुरुङ युके, क्वीन्स गोर्खा सिंगल, होम बहादुर बिक साउदी अरेबियाले सहयोग गरेको छभने कार्यक्रमको सफलताका लागि नयाँ शक्ति पार्टी नेपालका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री डा. बावुराम भट्टराई, नया शक्ति पार्टी नेपाल राष्ट्रिय अभियानका संयोजक कमल शाही, जिल्ला संयोजक रेशम योगी, धन प्रसाद गुरुङ युके, मन प्रसाद गुरुङ युके, बीर बहादुर गुरुङ युके, शम्भू गुरुङ युके, सुमन गुरुङ युके, अज्जु भाइ मुम्बइ इन्डीयाबाट इमेलमार्फत शुभकामना ब्यक्त गर्दै कार्यक्रमको सफलताको कामना गरेका थिए । क्लवका सचिव चेत बहादुर बिकले कार्यक्रम सञ्चालन गरेका थिए ।

यसैवीच बुधबार सम्पन्न खेलमा भिचुक बी ले तान्चोक लाई २५ १८ र २५ २२ को सोझो सेटमा पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गरेको खेल संयोजक मिलन गुरुङले जानकारी दिए । २५ टीमको सहभागिता रहेको छ ।

# डान्स च्याम्पको अडिशन जारी

पोखरा ११ कार्तिक ।

चारलाख रुपैयाँ नगद पुरस्कार भएको राष्ट्रव्यापी नृत्य प्रतियोगिता 'अल नेपाल डान्स च्याम्प-२०१६'को अडिसन जारी छ । बुटवल, पाल्पा, नवलपरासी लगायत जिल्ला अडिसन सकिएको च्याम्पियनसिप को पोखरामा पनि बृहत अडिसन हुने भएको छ । प्रतियोगिताको आयोजक बुटवलको बागेश्वरी संगीतालय हो । संगीतालयले बिहीबार पोखरामा पत्रकार सम्मेलन गरि पोखरा अडिसन कात्तिक २० गते गर्ने जानकारी गराएको छ । संगीतालयमा क्रियटिभ डाइरेक्टर यम पुनले स्थानीयस्तरमा रहेका नृत्य प्रतिभालाई उनीहरुको कला क्षमता प्रष्फुटन गराई राष्ट्रिय-अन्तराष्ट्रियस्तरमा स्थापित हुने अवसर दिन प्रतियोगिता आयोजना गरिएको बताए । प्रतियोगितामा १४ वर्षसम्मका बालबालिकाले जुनियर र १५ देखि ३५ वर्ष उमेर समूहका युवा-युवतीले सिनियर समूहमा प्रतिस्पर्धा गर्न सक्नेछन् ।

कात्तिक २० गते पोखरा अडिसनका लागि रामघाटको टप्स् हाइएर सेकेन्डरी स्कुलमा प्रतिस्पर्धिहरु जम्मा हुनुपर्नेछ । जुनियर र सिनियर दुवै विधाका विजेताले दुई-दुई लाख रुपैयाँका दरले पुरस्कार र मुम्बइमा ३ महिना निःशुल्क डान्स कोर्ष सिक्ने मौका पाउने डाइरेक्टर पुनले बताए । उक्त डान्स कोर्षका लागि आयोजकले मुम्बइमा भारु डेढ लाख रुपैंया तिर्नुपर्नेछ । यो जोड्दा एक बिजेताले झन्डै नेपाली चार लाख रुपैंयाको पुरस्कार पाउनेछ ।

प्रतियोगितामा सहभागी हुन जुनियरलाई एकहजार र सिनियरलाई पन्ध्रसय रुपैयां शुल्क तोकिएको छ । प्रतिभा भएपनि आर्थिक अवस्था कमजोर भएकाहरु भोटिङका कारण प्रतिस्पर्धामा पछाडि पर्नसक्ने भएकाले 'नो भोट नो एसएमएस' को प्रावधान गरिएको छ । सबै ठाउंको अडिसनबाट छनोट भएकाबीचबाट शुरुमा सयजना छनोट गरिनेछ ।

# देखिएका लोकमान भर्सेज नदेखिएका लोकमान



यमुना अर्याल

चार वर्षदेखि म सरकारी कर्मचारी छु । सरकारले मलाई दिने तलब र मेरै तहका अन्य कर्मचारीलाई दिने तलब स्केल बराबर हो । सरकारी जागिरे हुनुअघि जहाँ जस्तो अवस्थामा थिएँ, त्यसयताका लगभग उस्तै अवस्थामा दैनिकी गुजार्दै छु । काठमाडौंको महँगीमा जेनतेन चलेको छ दैनिकी । तर, मेरै तहका साथीले त्यही तलब स्केल खाएर आर्थिक फड्को मारेको देख्दा अचम्म लाग्छ । उनीहरु सानको जिन्दगी बिताइरहेका छन् । सरकारले तोकेको त्यही वेतनबाट म जस्ता एकथरि कर्मचारी सस्तो तरकारी कहाँ पाइन्छ भन्दै खोज्दै हिंड्नुपर्ने अवस्थामा छौं भने त्यही तलबबाट सस्तो घरजग्गा कतातिर पाइन्छ भन्दै खोज्नेहरुको जमात पनि छ ।

यो अन्तर जहिलेसम्म कायम रहन्छ, त्यतिबेलासम्म भ्रष्टाचारको जालो हट्दैन । अहिले मिडियामा लोकमान कार्कीको निकै चर्चा, आलोचना र बदख्वाइँ भइरहेको छ । पछिल्लो समय मिडियामा सर्वाधिक पढिएको, सुनिएको र हेरिएको पात्र कोही छ भने त्यो लोकमान नै हो । लोकमान बिनाको अखबार छैन, इन्टरनेटका सामाजिक सञ्जालमा स्टाटस छैन । तर, नदेखिएका लोकमानको बारेमा कहिल्यै चर्चा भएन र होला जस्तो पनि लाग्दैन ।

भ्रष्टाचार गर्ने र अकुत सम्पति आर्जन गर्नेमाथि कारबाही गर्ने निकायमा बसेको व्यक्ति नै भ्रष्टाचारको नाइके भएको, मोलमोलाइमा काम गरेको, पूर्वाग्रहपूर्ण ढंगले फसाएको भन्दै लोकमानमाथि अरिंगालको गोलो खनिए जसरी सडकदेखि सदन खनिएको छ । अख्तियारको उपल्लो तहमा बसेर आफैं अख्तियारको दुरुपयोग गर्ने यी देखिएका लोकमानको चरित्र उदांगो भएपछि आज जनमानस उनी विरुद्ध कुर्लिएको छ । तर, नदेखिएका लोकमानको बारेमा कसले आवाज उठाउने ? लोकमानको बारेका चर्का कुरा गर्ने माननीयहरु आफू चाहिँ कत्तिको दूधले नुहाएका छन् ? निकै ठूला र चर्का कुरा गर्ने जिम्मेवार पदमा बसेका मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गर्न मानेन रे । जब कि सार्वजनिक ओहोदामा पुगेको व्यक्तिले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानुनी प्रावधान छ । के कारण मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गरिएन ?

तिनै मन्त्री र नेताहरुले लोकमानको बदनाम गरेको असुहाउँदो देखियो । नेतासँग नजिकको साइनो भएका र जहाँ पनि चलखेल गर्न सक्ने भएपछि आर्थिक हैसियत उकास्न केही चाहिने रहेनछ भन्ने प्रमाण आफ्नै सहकर्मीहरुबाट देखिन थाल्यो । पाँच वर्षअघि सरकारी जागिरमा एकसाथ प्रवेश गरेका दुई दौंतरीको केही दिनअघि अनामनगरमा जम्काभेट भयो । दुवै एक( आपसलाई दाइ-भाइको नाता लगाउँछन् । तरकारी किन्न निस्किएका दाइलाई चिल्लो कारले हर्न बजाउँदै पिछा गर्‍यो । दाइले यसो चिहाए, कारबाट ओर्लिएर के छ दाइ भन्दै भाइ हात मिलाउन आए । दाइ जिल परे । 'तिमी कसको कारमा आएको भाइ ?' दाइले सोधे । 'ल दाइ पनि ! मेरै हो नि । दशैंमा दक्षिणकाली गएर पूजा गरेर ल्याएँ अनि चलाइरा'छु ।' 'साँच्चै तिम्रै हो ?' दाइले पत्याएनन् । प्रसंग बदल्दै सोधे, 'धेरैपछि भेट भो अहिले कुन पदमा कार्यरत छौ त भाइ ?' 'नासुमै हो दाइ, बढुवा हुन सकिएन,' भाइ चाहिा खिन्न भए झैं सुनाए । 'पैसा त निकै कमाएछौ नि भाइ । म जहाँको त्यहीँ छु, तिमी कहाँबाट कहाँ पुगिसक्यौ !' 'ठीकै छ, यतिलाई कमाएको के भन्नु दाइ ? राम्रै छ, बाँचिएकै छ।' कुरैकुरामा भाइले थपे, 'दाइ, मैले घर किनें सीतापाइलामा, यसो मिलाएर भाइको घर हेर्न आउनू है !' अघि कार देखेर चकित परेका दाइ अहिले घर पनि किनेको सुन्दा झन्डै बेहोस भएनन् ।

एउटै पदमा एकै पटक नियुक्त भएका यी दुई जनाको हैसियतमा आकाश-पातालको फरक छ । दाइ चाहिँ नाम मात्रका नासु, भाइ चाहिँ नापी कार्यालयका दामवाला नासु । भाइले सीतापाइलामा गत वैशाखमा दुईतले घर किनेका छन् । कतै अख्तियारले समाउने हो कि भन्ने डरले सम्पत्ति भएभरको नातागोताको नाममा राखेका छन् रे भन्ने हल्ला चलेको थियो । भएका एउटा सन्तानलाई गिनेचुनेका धनीमानीले पढाउने महँगो स्कूलमा पढाएका छन् । दाइ चाहिँ महिनाभरि अफिस जान्छन्, एकदिन तलब थाप्छन् । २३ हजार ५ सय स्केलमा सञ्चय कोष, नागरिक लगानी कोष, बिमा वापतको रकम कटाएर बुझेको रकमले आठ हजार रुपैयाँ कोठा भाडा तिर्छन्, उधारो तिर्छन्, एक-दुई हजार पकेट खर्च राख्छन् । अर्को महिना मरुन्जेल कसरी पुर्‍याउने भन्ने तनाव हुन्छ । गाउँघरमा पनि तिनै नापीवालाको चर्चा हुन्छ रे । 'फलानोले त्यही जागिर खाएर त्यत्रो कमायो, ता चाहिँ सधैं पैसा छैन भन्छस्, क्या हो पारा', बुवाको बारम्बारको यो भनाइले दाइको मन घोच्छ । तैपनि बोल्ने ठाउँ छैन । आजका धेरै मान्छेको मनमा परेको कुरो( पैसा कमाउनका लागि कि त दुई नम्बरी गर्नुपर्ने रै'छ, कि विदेशै जानुपर्ने रै'छ । सरकारले तोकेको तलबले घरखर्च चलाउन पनि नसकिने अवस्था छ । अर्कातिर, सानको विलासी जिन्दगी बिताउने नापी कार्यालयका ती भाइलाई कुनै कुराको मतलब छैन । जे छ पैसामै छ, पैसा बाहेक उनी केही सोच्न सक्दैनन् । यस्ता कर्मचारीको संख्या धेरै छ । कसले खोज्छ उनीहरुको आर्थिक पाटो ? मासिक २० हजार तलब खाने कर्मचारीले २५ हजार तिरेर छोराछोरी स्कूल पढाउने हैसियत कहाँबाट बनायो भन्ने कसले केलाउँछ ? त्यो पैसाको स्रोत के हो ? खोज्दै जाने हो भने नदेखिएका लोकमानहरु कति छन् कति ।

जागिरेको कुरा छोडौं, समाज सेवा र राष्ट्र सेवामा लागेको बताउने राजनीतिक दलका नेताहरु नै चोखा छैनन् । पैसा आउने अरु माध्यम छैन, रोजगारी छैन, उनीहरु नै पार्टीलाई लेवीबापत धेरै रकम बुझाउनुपर्छ भन्छन्, तैपनि उनीहरुकै जिन्दगी विलासी छ ! त्यो कसरी सम्भव भयो ? यो पाटो कहिले र कसले खोतल्ने ? सार्वजनिक पदमा पुगेपछि मन्त्रीहरुले पेश गरेको सम्पत्ति विवरण हेर्दा सुनचाँदीको ढुकुटी नै उनीहरुसंगै छ कि क्या हो जस्तो भान पर्छ । ८०र९० तोला भएको देखाउने स्रोत चाहिा ससुरालीले दाइजोमा दिएका रे । ९० तोला सुन दाइजोमा दिने ससुरालीको हैसियत पनि त जाँच्नुपर्ने हो नि ! तर, यस्ता कुरामा कसको ध्यान जाने ? मन्त्री र नेताज्यूसंग ९० तोला सुन हुन्छ, सामान्य नागरिकसँग ९० रुपैयाँको लसुन समेत हुँदैन हाम्रै नेपालमा ! चीनका लागि राजदूत सिफारिस हुने बेलामा पूर्व मुख्यसचिव लिलामणि पौडेललाई सरकारी जागिरमा प्रवेश गर्दादेखि मुख्यसचिव हुँदासम्मको सम्पत्ति विवरण सार्वजनिक गर्न माग गरियो । हरेक सरकारी कर्मचारीले आफ्नो सुरु नियुक्तिदेखि अवकाशसम्मको सम्पत्ति विवरण यथार्थ बताउने, दलका नेताहरूले राजनीतिमा लाग्दाको हैसियत र लागिसकेपछिको हैसियत खुलस्त गर्ने हो भने भ्रष्टाचारको जरो उखेल्न बेर लाग्दैन ।

स्रोत : अनलाइन खबर


## आवश्यकता

यस लेकसाइड प्याराग्लाइडिङ प्रा.लि. लाई हवाइ खेल संचालनार्थ केही टेण्डम फाइलट आवश्यकता परेको हुँदा तपशिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट पदपूर्तिका लागि आवेदन आह्वान गरिन्छ। प्रकाशित मितिले ७ दिनभित्र आवेदन गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरू

१. नेपाली नागरिकताको प्रतिलिपि
२. CAAN मा अनुवन्धित Caan License प्राप्त
३. बीमा : फाइलट तथा यात्रु एवं तेस्रो पक्ष समेत भएको
४. टेण्डम उडान सम्बन्धी २०० घण्टाको अनुभव।

सम्पर्क :
लेकसाइड प्याराग्लाइडिङ प्रा.लि.
लेकसाइड, पोखरा-६, फोन : ०६१-४६६१६०, ४६५०५०
Email: lakeside.paragaliding@gmail.com

Study in Japan
Czech Republic
USA, Australia, Norway

- 100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
- SLC passed can apply .
- Almost all intake **czech Republic** .
- Free Education in **Norway** & **Finland** .
- Help to make all kind of documentation for any Countries .

April Intake

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

## कर्मचारी चाहियो

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर   संख्या : केही
पद : डिसवासर   संख्या : १ जना

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

## मोवाइल किन्दा छुट !

शुभ-दीपावली-२०७३ को मंगलमय शुभकामना
हंसपुर मोवाइल क्लिनिकमा एण्ड इलोक्ट्रोनिक सर्भिस सेन्टर चिप्लेढुंगा, पोखरामा
मोवाइल खरिदमा ५ देखि १०% सम्म र इलोक्ट्रोनिक सामान खरिदमा ५ देखि ३५% सम्म छुट !!!
सम्पर्क फोन : ०६१-५३५६७९

## यौन तथा प्रजनन रोग सम्बन्धी डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा

धवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही कार्तिक १२ गते शुक्रबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस्।

पुरूषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष।

महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार

मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail .com, Website: www .goldennews .com .np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा